# रा.वा. वैंक स्वर्ण जयन्ती छात्रवृत्ति सञ्चालन कार्यविधि-२०७२

वैंकले संस्थागत सामाजिक उत्तरदायित्व निर्वाह गर्ने सन्दर्भमा देशमा शैक्षिक हिसावले पछि परेको अल्पसंख्यक समुदायको शैक्षिक विकासमा समय सापेक्ष ढङ्गले योगदान गर्न नेपाल सरकार द्वारा तोकिए वमोजिमका लोपोन्मुख आदिवासी जनजाती समुदायका विद्यार्थीको उच्च शिक्षा अध्ययनका लागि विशेष टेवा पुऱ्याउनलाई मिति २०७२।०५।२७ मा वसेको वैंकको सञ्चालक समितिको १९८१ औं वैठकको निर्णयानुसार राष्ट्रिय वाणिज्य वैंक लि.को स्वर्ण जयन्तीको अवसर पारी **रा.वा. वैंक स्वर्ण जयन्ती छात्रवृत्ति-२०७२** वितरण गर्ने प्रयोजनको लागि गठन भएको छनौट समितिलाई प्राप्त जिम्मेवारी वमोजिम मिति २०७२/१०/०४ मा सम्पन्न समितिको वैठकको निर्णय वमोजिम **रा.वा. वैंक स्वर्ण जयन्ती छात्रवृत्ति-२०७२** सञ्चालन गर्न यो कार्यविधि तयार गरिएको छ ।

**१. सक्षिप्त नाम र प्रारम्भ :**

**क.** यस कार्यविधिको नाम **रा.वा. वैंक स्वर्ण जयन्ती छात्रवृत्ति सम्वन्धी कार्यविधि** -२०७२ रहेको छ ।

**ख.** यो कार्यविधि **रा.वा. वैंक स्वर्ण जयन्ती छात्रवृत्ति** -२०७२ छनौट समितिले निर्णय गरेको मिति देखि लागु हुने छ ।

**२. छात्रवृत्ति छनौट समितिको काम कर्तव्य र अधिकार :**

छात्रवृत्ति छनौट समितिको काम कर्तव्य र अधिकार देहाय वमोजिम हुने छ ।

**क.** छात्रवृत्ति प्रदान गर्ने सम्वन्धमा नीति निर्धारण गर्ने ।

**ख.** छात्रवृत्तिको लागि उम्मेदवार छनौट सम्वन्धि आधार तयार गर्ने ।

**ग.** छात्रवृत्ति प्राप्त गर्न आवश्यक पर्ने न्युनतम योग्यताको निर्धारण गर्ने ।

**घ.** छात्रवृत्ति वितरण सम्वन्धमा वैंक व्यवस्थापन संग आवश्यक समन्वय गर्ने ।

**ड.** छात्रवृत्तिको लागि उम्मेदवार छनौट सम्वन्धी आचार संहिता वनाई लागु गर्ने ।

**च.** छात्रवृत्तिको लागि प्राप्त दरखास्त उपर छलफल गर्ने र आवेदकको अन्तर्वाता लिने ।

**छ.** छात्रवृत्ति प्रदान गर्न योग्यताक्रम निर्धारण गर्ने ।

**ज.** छात्रवृत्ति सम्वन्धि सूचना प्रकाशित गर्ने ।

**झ.** प्रदान गरिएको छात्रवृत्ति सम्वन्धित विद्यार्थीको वैंक खातामा जम्मा गर्ने व्यवस्था मिलाउने ।

**ञ.** प्रदान गरिएको छात्रवृत्ति सदुपयोग भए नभएको अनुगमन गर्ने र दोश्रो वर्षको छात्रवृत्ति निकासा गर्दा छात्रवृत्ति सदुपयोग भएको पुष्टि भए नभएको जांच गर्ने ।

**ट.** छात्रवृत्ति सम्वन्धमा आवश्यक अन्य काम गर्ने, गराउने ।

**३. छात्रवृत्ति सम्वन्धी सामान्य नियमहरु :**

**क.** आवेदक नेपाली नागरिक हुनु पर्ने ।

**ख.** आवेदक नेपाल सरकारले लोपोन्मुख आदिवासी/जनजाती भनी तोकिएको जातीका छोराछोरी हुनु पर्ने । हालको लागि कुसुन्डा, वनकरिया, राउटे, सुरेल, हायू, राजी, किसान, लेप्चा, मेचे र कुशवाडिया जाति वाट प्रतिनिधित्व गरेको हुनु पर्ने ।

**ग.** नेपाल सरकारवाट स्वीकृती प्राप्त विश्व विद्यालयहरु/उच्च माध्यमिक शिक्षा परिषद अन्तर्गतका आंगिक वा सम्वन्धन प्राप्त क्याम्पस/विद्यालयहरुमा अध्ययन गरेको विद्यार्थी हुनु पर्ने ।

**घ.** हाललाई प्रमाणपत्र तह/दश जोड दुईमा अध्ययन गर्ने ५ जना र स्नातक तहमा अध्ययन गर्ने ५ जना विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरिने । अर्को शैक्षिक सत्र, समेटिने क्षेत्र र विषयका सम्वन्धमा संचालक समितिले समय समयमा तोके वमोजिम हुने ।

**ङ.** हाललाई प्रमाणपत्र तह/दश जोड दुई अध्ययन गर्ने विद्यार्थीलाई प्रति व्यक्ति मासिक रु.३५००।- र स्नातक तह अध्ययन गर्ने विद्यार्थीलाई प्रति व्यक्ति मासिक रु.५०००।- का दरले छात्रवृत्ति प्रदान गरिने ।

**च** छात्रवृतिको लागि छनौट गर्दा प्राप्त आवेदनहरुमध्ये सर्वोत्कृष्ठ अंक ल्याउने मध्येवाट योग्यताक्रमको आधारमा क्रमशः छनौट गरिने ।

**छ.** छात्रवृत्ति सम्वन्धी सूचनामा प्रकाशित भए वमोजिमका कागजातहरु आवेदकले पेश गर्नुपर्ने ।

**ज.** आवेदकले छात्रवृत्तिको लागि पेश गरेका कागजातहरुको वैधानिकता सम्वन्धमा स्वयं जिम्मेवार रही सो व्यहोरा खुल्ने गरी सवै प्रतिलिपि कागजातहरु आफैंले प्रमाणित गर्नु पर्ने ।

**झ.** झुठो विवरण पेश गरी छात्रवृत्ति लिएको अवस्थामा कानून वमोजिमको कारवाही भोग्न मञ्जुर रहेको र झुठा प्रमाणित भएको अवस्थामा वैंकले उपलव्ध गराएको छात्रवृत्तिको पुरै रकम र सो को प्रचलित व्याज समेत वुझाउनेछु भनि छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीले लिखित कवुलियतनामा गर्नु पर्ने ।

**४. छात्रवृत्ति सम्वन्धि सूचना प्रकाशित गर्नु पर्ने :**

**क.** छात्रवृत्ति छनौट सम्वन्धी सूचना राष्ट्रियस्तरको दैनिक पत्रिकामा प्रकाशित गर्नु पर्ने ।

**ख**. सूचना प्रकाशित गर्दा कम्तिमा ७ दिन म्याद दिई आवेदन दिने अन्तिम मिति तोकी सो मिति सम्ममा समितिको इमेल ठेगानामा आइपुग्ने गरी आवेदन आव्हान गर्नु पर्ने ।

**ग.** छनौट भएका आवेदकहरुको विवरण राष्ट्रियस्तरको पत्रिकामा प्रकाशित गरिने ।

**५. छात्रवृत्ति प्रदान गर्नु अघि कागजात प्रमाणित हुनु पर्ने :**

**क.** छात्रवृत्तिको लागि पेश भएका कागजातको सक्कल प्रति आवेदकले छात्रवृत्ति छनौट समितिको सचिवालय (व्रान्च अपरेशन विभाग) मार्फत प्रमाणित गराउनु पर्नेछ । कागजात प्रमाणित भएपछि मात्र छात्रवृत्ति निकाशा हुनेछ ।

**ख.** आवेदन साथ पेश भएका कागजात सक्कल वमोजिम नपाइएमा स्विकृत छात्रवृत्ति रद्ध गरी योग्यताक्रममा रहेका अन्य आवेदकलाई उक्त छात्रवृत्ति क्रमशः प्रदान गरिनेछ ।

**६. आवेदन दिन आवश्यक कागजातहरु :**

१ नागरिकता प्रमाणपत्रको प्रतिलिपि-१
२ शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि (मार्कसिट, ट्रान्सक्रिप्ट)-१-१
३ चारित्रिक प्रमाणपत्रको प्रतिलिपि-१
४ अध्ययनरत उच्च माध्यमिक विद्यालय/क्याम्पसको पत्र-१
५ सम्वन्धित जिल्ला प्रशासन कार्यालय वा अधिकार प्राप्त निकायवावाट लोपोन्मुख आदिवासी जनजाती वर्गको व्यक्ति हो भनि गरिएको सिफारिस -१
६ अन्य निकायवाट यस प्रकारको छात्रवृत्ति लिएको छैन भनि आवेदकले गरेको कवूलियतनामा - १

**७. छात्रवृत्तिको लागि आवेदन दिने प्रकृया :**

**क.** छात्रवृत्तिको लागि एस.एल.सि. वा प्रविणता प्रमाणपत्र तह/दश जोड दुई उतिर्ण गरी थप अध्ययनको लागि उच्च माध्यमिक विद्यालय वा क्याम्पसमा भर्ना भएको वा हुने क्रममा रहेको विद्यार्थी हुनु पर्नेछ। साथै अन्य कुनै निकायवाट यसप्रकारको छात्रवृत्ति नलिएको हुनु पर्नेछ।

**ख.** आवेदन दिने विद्यार्थी तोकिएको लोपोन्मुख आदिवासी जनजाती वर्गवाट प्रतिनिधित्व गर्ने व्यक्ति हो भन्ने व्यहोरा सम्वन्धित जिल्ला प्रशासन कार्यालय वा अधिकार प्राप्त निकायवाट प्रमाणित गरिएको हुनु पर्नेछ। आवेदन दिंदा यस्तो प्रमाणपत्रको प्रतिलिपि र छात्रवृत्ति निकासा गर्नु अघि सो को सक्कल प्रति वैंक समक्ष पेश गर्नु पर्नेछ।

**ग.** आफुले प्राप्त गरेको शैक्षिक प्रमाणपत्र, चारित्रिक प्रमाणपत्र, नागरिकताको प्रमाणपत्र, उच्च माध्यमिक विद्यालय/क्याम्पसमा अध्ययन गरिरहेको व्यहोरा प्रमाणित गरेको पत्र लगायत छात्रवृत्ति सम्वन्धि सूचनामा उल्लेख भए वमोजिमका कागजातहरुको फोटोकपी गरी कागजातको माथिल्लो वायां कुनामा सक्कल वमोजिम नक्कल ठिक छ भनि विद्यार्थी स्वयंले प्रमाणित गर्नु पर्नेछ। यसरी प्रमाणित गरिएको प्रतिलिपि स्क्यान गरी scholarship@rbb.com.np मा इमेल गरी पठाउनु पर्नेछ। स्क्यानको सुविधा नभएका स्थानमा यस वैंकको शाखा कार्यालय मार्फत समेत आवेदन पठाउन सकिनेछ।

**८. छात्रवृत्ति लिने विद्यार्थीले कवुलियत गर्नु पर्ने :**

वैंकवाट छात्रवृत्ति लिनु अघि सम्वन्धित विद्यार्थीले प्राप्त छात्रवृत्तिको दुरुपयोग गर्ने छैन भनि अनुसूची- २ वमोजिमको कवुलियतनामा गरि वैंक समक्ष वुझाउनु पर्नेछ।

**९.कार्यविधिमा थपघट गर्न सकिने :**

यस कार्यविधिमा नपरेका विषयहरुलाई छात्रवृत्ति छनौट समितिको निर्णयानुसार यस कार्यविधिको अंगको रुपमा थपघट गर्न सकिनेछ। वैंकको संचालक समितिको निर्णय वमोजिम गरिएका काम कारवाही यसै कार्यविधि वमोजिम गरिएको मानिनेछ।

राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
तपाईंको आफ्नै बैंक
नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था

# राष्ट्रिय वाणिज्य बैंक लि.
## केन्द्रीय कार्यालय

फोटो

### रा.वा.बैंक स्वर्ण जयन्ती छात्रवृत्ति-२०७२ को लागि आवेदन फाराम

| **१.विद्यार्थीको पुरा नाम :** | | | |
|---|---|---|---|
| नेपालीमा | | | |
| अंग्रेजीमा | | | |
| अध्ययन गर्ने तह | | अध्ययन गर्ने संकाय | |
| **२.प्रतिनिधित्व गर्ने जाती (लोपोन्मुख जाती / जनजाती)** | | | |

| **३.स्थायी ठेगाना** | | | | | |
|---|---|---|---|---|---|
| अञ्चल | | जिल्ला | | गा.वि.स./ न.पा. | |
| वडा नं. | | टोल | | सम्पर्क नं. | |
| **४.हालको ठेगाना** | | | | | |
| अञ्चल | | जिल्ला | | गा.वि.स./ न.पा. | |
| वडा नं. | | टोल | | इमेल ठेगाना : | |
| **५.वावुको नाम :** | | | | ख.पेशा | |
| **६.वाजेको नाम :** | | | | | |
| **७.शैक्षिक योग्यता :** | | | | | |

| *क्र.सं.* | *उत्तिर्ण गरेको तह* | *उत्तिर्ण श्रेणी* | *शिक्षण संस्था/वोर्ड* | *उत्तिर्ण वर्ष* |
|---|---|---|---|---|
| १ | एस.एल.सी | | | |
| २ | प्रविणता प्रमाणपत्र तह/१०+२ | | | |

**८.हाल अध्ययनरत वा अध्ययन गर्न चाहेको शैक्षिक संस्थाको नाम र ठेगाना**

.......................................................................................................

उपरोक्त व्यहोरा ठीक दुरुस्त छ। मैले हालसम्म कुनै संस्थावाट कुनै किसिमको छात्रवृत्ति लिएको छैन र यस वैंकको छात्रवृत्ति प्राप्त गर्नका लागि कुनै झुठ्ठा व्यहोरा पेश गरेको छैन। झुठ्ठा ठहरे कानुन वमोजिम संहुला वुझाउला।

दस्तखत :

आवेदकको नाम :

मिति :

**<u>आवेदन साथ संलग्न राख्नु पर्ने कागजातहरु :</u>**

१. नागरिकता प्रमाणपत्रको प्रतिलिपि-१,
२. पासपोर्ट साईजको फोटो २ प्रति
३. हासिल गरेको शैक्षिक योग्यता -एस.एल.सि./ प्रविणता प्रमाणपत्र तह/१०+२ को लव्धांकपत्रको प्रतिलिपि
४. हाल अध्ययन गरिरहेको/भर्ना भएको शैक्षिक संस्थावाट सो सम्वन्धमा प्रमाणित गरेको सक्कल सिफारिसपत्र
५. लोपोन्मुख आदिवासी जनजाती भएको सम्वन्धमा सम्वन्धित सरकारी/स्थानिय निकायले प्रमाणित गरेको पत्र

# रा.वा. वैंक स्वर्ण जयन्ती छात्रवृत्ति - २०७२ प्राप्त गर्ने विद्यार्थीले वैंक समक्ष गर्ने

# कवुलियतनामा

...................... जिल्ला .................................... गा.वि.स./न.पा. वडा नं........ वस्ने श्री...................................... नाती/नातीनी श्री ........................................ को छोरा/छोरी वर्ष ..... को म ...................................................... आज मिति ............................ का दिन यो कवुल गर्दछु कि राष्ट्रिय वाणिज्य वैंकले उच्च शिक्षा अध्ययनमा सहयोग पुऱ्याउन मासिक रु............... का दरले हाल १ वर्षको लागि प्रदान गर्ने छात्रवृत्ति रकम मेरो नाममा यस वैंकको ............................. शाखामा खुलेको खाता नं...................................................... मा जम्मा गरि दिन मंजुर गर्दछु । मेरो खातामा छात्रवृत्तिको रकम जम्मा भए पछि उक्त रकम म आफ्नो एक वर्षको शिक्षा आर्जन गर्नको लागि मात्र खर्च गर्नेछु र समय समयमा मेरो शैक्षिक विकासको प्रगति विवरण वैंकलाई जानकारी गराउनेछु । मैंले वैंकवाट छात्रवृत्ति प्राप्त गर्नका लागि कुनै झुठो विवरण पेश गरेको छैन झुठा प्रमाणित भएको अवस्थामा कानून वमोजिमको कारवाही भोग्न मञ्जुर छु । साथै वैंकले उपलव्ध गराएको छात्रवृत्तिको पुरै रकम र सो को प्रचलित व्याज समेत फिर्ता वुझाउनेछु ।

औंठाको छाप

| दायां | वायां |
|---|---|
| | |

दस्तखत ....................
विद्यार्थीको नाम :
अध्ययन गर्ने शैक्षिक संस्था :